# आर्थिक वर्ष २०८१।०८२ को

# बजेट वक्तव्य

हुप्सेकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (ब.सु.पू.)

CamScanner

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा सम्पूर्ण हुप्सेकोटबासीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

१. यस अवसरमा लोकतन्त्र र परिवर्तनका लागि भएका जनआन्दोलन, त्याग र संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।बेपत्ता तथा घाइते योद्धाहरु र उहाँहरुको परिवारजनमा उच्च सम्मान व्यक्त गर्दछु।

२. स्रोतको न्यूनता, बढ्दो आवश्यकता, सुधारोन्मुख मानवीय विकास, समाजमा विद्यमान गरिबी र बेरोजगारीका बावजुद सम्पूर्ण विषय क्षेत्रलाई दृष्टिगत गरी बजेट विनियोजन गरिएको छ।

३. बजेट तथा कार्यक्रमलाई यस गाउँपालिकाको विकास निर्माणका गतिविधिमा देखिएका चुनौती सम्बोधन, आर्थिक तथा सामाजिक रुपान्तरण मार्फत सन्तुलित विकास सहित **सुन्दर, सुखी र उद्यमी हुप्सेकोटको** आकांक्षा पुरा गर्न यस आर्थिक वर्षलाई **आय वृद्धि अभियान वर्षको** रुपमा लिइएको छ ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, पन्ध्रौं योजनाको उपलब्धी सहित भावी योजनाको सोँच, दिगो विकास लक्ष्य, यस गाउँपालिकाको नीति तथा कार्यक्रम, विषयगत समितिबाट प्राप्त राय, राजनीतिक दल, विज्ञ एवं सरोकारवालाले दिएको सुझावलाई प्रमुख आधार बनाएको छु।

५. चालू आर्थिक वर्षमा हाँसिल भएका उपलव्धि, अधुरा र तुलनात्मक रुपमा बढी आवश्यक योजना/कार्यक्रम, गाउँबासीले खोजेको, चाहेको विकास

CamScanner

एवं सभ्य र समतामूलक समाजको निर्माण गर्ने परिकल्पनावाट निर्देशित हुँदै समुदायमा आधारित बजेट प्रस्तुत गरेको छु।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१. चालू आर्थिक वर्षमा ४ करोड ३७ लाख २ हजार राजश्व परिचालन हुने अनुमान रहेकोमा हालसम्म ७६ लाख ३२ हजार मात्र राजश्व संकलन भएको छ भने नेपाल सरकारबाट वित्तिय समानीकरण तर्फ ७ करोड २३ लाख ३१ हजार, सशर्त अनुदान तर्फ २० करोड १५ लाख ६० हजार, समपुरक अनुदान तर्फ ४५ लाख, विशेष अनुदान तर्फ ९० लाख र राजश्व बाँडफाँट ७ करोड ७ लाख ३२ हजार प्राप्त भएको छ । त्यसैगरी गण्डकी प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ ९४ लाख ४५ हजार, राजश्व बाँडफाँट तर्फ ६८ लाख ६७ हजार, समपूरक अनुदान तर्फ २५ लाख, विशेष अनुदान तर्फ ६ लाख २५ हजार प्राप्त भएको छ ।

२. त्यसैगरी चालू आर्थिक वर्षको हालसम्म यस गाउँपालिकाको चालू खर्च तर्फ २३ करोड ६७ लाख २८ हजार (६६ प्रतिशत) र पूँजिगत खर्च तर्फ ७ करोड ८४ लाख १९ हजार (४६ प्रतिशत) गरी जम्मा ३१ करोड ५१ लाख ४७ हजार खर्च भई वित्तिय प्रगति ५९.४८ प्रतिशत रहेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१. संवत् २०८१।०३।०९ गते गाउँसभामा प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ५५ करोड २५ लाख ३२ हजार खर्च हुने अनुमान गरेको छु ।
२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ९ करोड ८६ लाख, राजश्व बाँडफाँट ९ करोड ८५ लाख २० हजार, राष्ट्रिय वन रोयल्टी २९ लाख ८० हजार, सशर्त अनुदान २२ करोड ८३ लाख ७९ हजार, समपुरक अनुदान १ करोड, विशेष अनुदान २ करोड ७५ लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड २५ लाख २१ हजार, राजश्व बाँडफाँट ९२ लाख ३३ हजार, विशेष अनुदान ४० लाख, समपुरक अनुदान ६० लाख र आन्तरिक राजशवबाट प्राप्त हुने रु ४ करोड २८ हजार हुनेछ ।

सभाध्यक्ष महोदय,
सभाका सदस्य ज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

CamScanner

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | विनियोजित रकम रु |
|---|---|---|
| १. | आर्थिक विकास | ४ करोड ३७ लाख २७ हजार |
| क | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | १ करोड ९७ लाख ५७ हजार |
| ग | पशुपंक्षी सेवा | ४६ लाख १२ हजार |
| घ | पर्यटन, संस्कृति तथा सम्पदा | ५५ लाख |
| ङ | उद्योग, व्यापार र व्यवसाय | ३९ लाख ८२ हजार |
| च | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | ९ लाख |
| छ | श्रम, रोजगारी र गरिबी निवारण | ८९ लाख ७६ हजार |
| २. | सामाजिक विकास | ३१ लाख ५३ लाख ८० हजार |
| क | स्वास्थ्य तथा पोषण | ३ करोड २२ लाख ५३ हजार |
| ख | शिक्षा, कला तथा साहित्य | २४ करोड ६७ लाख ९२ हजार |
| ग | खानेपानी, सरसफाइ तथा स्वच्छता | २ करोड ४५ लाख |
| घ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | ५१ लाख ९५ हजार |
| ङ | सामाजिक सुरक्षा, संरक्षण एवम पञ्जीकरण कार्यक्रम | १९ लाख ९० हजार |
| च | युवा, खेलकुद तथा नवप्रवर्तन | ४६ लाख ५० हजार |
| ३. | पूर्वाधार विकास क्षेत्र | ९ करोड ९३ लाख ७५ हजार |

CamScanner

| | | |
|---|---|---|
| क | बस्ती विकास, आवास तथा भवन | १ करोड ५२ लाख ९५ हजार |
| घ | सडक, पुल तथा यातायात | ८ करोड ३४ लाख ५० हजार |
| ङ | सूचना, सञ्चार तथा प्रविधि | ७ लाख |
| ४. | वन तथा वातावरण क्षेत्र | ३८ लाख ५० हजार |
| ख | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १ लाख ५० हजार |
| ग. | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनकलन | ३७ लाख |
| ५. | संस्थागत विकास क्षेत्र | ९ करोड २ लाख |
| क. | नीति, कानून, न्याय तथा सुशासन | २२ लाख ४० हजार |
| ख. | संगठन, मानव संशाधन तथा क्षमता विकास | ८ करोड ७८ लाख १० हजार |
| ग. | राजस्व तथा श्रोत परिचालन | १ लाख |
| घ. | तथ्याङ्क, योजना तथा विकास परिचालन | ५० हजार |
| | जम्मा | जम्मा ५५ करोड २५ लाख ३२ हजार |

CamScanner

बजेट तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघ संस्था, विज्ञ तथा सरोकारवालाले दिएको सुझाव र नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत बजेटको सफल कार्यान्वयनमा पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।साथै मुलुक भित्र र बाहिर रहनु भएका सबै नेपालीलाई **"सुन्दर, सुखि र उद्यमी हुप्सकोट"** निर्माणको महान यात्रामा सहभागी हुन आह्वान गर्दछु ।

धन्यवाद

पूर्ण सिँ राना

उपाध्यक्ष

मिति: २०८१/०३/१०